लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, एभिएशन फायर सर्भिसेस/ईलेक्ट्रिकल इन्जिनियरिङ्ग/ई. एण्ड टे. कम. इन्जिनियरिङ्ग, छैटौं, अधिकृत पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०९।१९

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान, बौद्धिक परीक्षण, अंग्रेजी भाषा क्षमता परीक्षण र व्यवस्थापन

---

**विषयगत** **समयः १ घण्टा ३० मिनेट**

**५० अङ्क**

१. संगठनभित्र द्वन्द्व सृजना हुनुका कारणहरू उल्लेख गर्दै यसको व्यवस्थापन गर्न गर्नुपर्ने कार्यहरू के-के हुन्? चर्चा गर्नुहोस् । २+३=५

२. असल व्यवस्थापकमा हुनुपर्ने गुणहरूको सूची तयार गर्नुहोस् । ५

३. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारहरू के-के हुन्? उल्लेख गर्नुहोस् । ५

४. नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ बमोजिम प्राधिकरणको आन्तरिक लेखा परीक्षकका कामहरू के-के हुन्? उल्लेख गर्नुहोस् । ५

५. अधिकार प्रत्यायोजन र अधिकार निक्षेपणमा के फरक छ? उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५

६. सार्वजनिक प्रशासनको प्रभावकारी कार्यसम्पादनमा उत्प्रेरणा (Motivation) को महत्व चर्चा गर्दै उत्प्रेरणाका गैरमौद्रिक तत्वहरू (Non-monetary factors) के-के हुन सक्छन्? उल्लेख गर्नुहोस् । ३+२=५

७. नेपालको उड्डयन क्षेत्र (Aviation Sector) दिन प्रतिदिन बृद्धि हुँदै गइरहेको छ । विद्यमान अवस्थामा यस क्षेत्रको व्यवस्थापनमा देखिएका चुनौतीहरू र अवसरहरू (Challenges and Opportunities) विस्तृतरूपमा चर्चा गर्नुहोस् । ५+५=१०

८. नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ मा उल्लेख गरे अनुसार कर्मचारीको कार्यसम्पादन मूल्यांकनमा रहेका कमीकमजोरीहरू उल्लेख गर्दै तिनका सुधारका उपाय उल्लेख गर्नुहोस् । ५+५=१०

:: समाप्त ::